# सूर्योदय नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**फिक्कल, इलाम**

**१ नं. प्रदेश, नेपाल**

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७६/०६/१७)**

यस कार्यालय अर्न्तगत निम्नानुसारको निर्माणकार्य शिलबन्दी बोलपत्रवाट गराउनुपर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुकालागि निम्न शर्तहरुको अधिनमा रहि निम्नानुसार उल्लेखित निर्माण कार्य गर्नको लागि यो रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित निर्माण व्यवसायीहरुका प्रोपाइटर वा निजको आधिकारिक प्रतिनिधिवाट रितपूर्वक दस्तुर (पछि फिर्ता नहुने गरी) राष्ट्रिय बाणिज्य बैंक फिक्कल मा रहेको नगरपालिकाको संचितकोष बैंक खाता नं. २१००३०४०१८१०२ मा जम्मा गरि यस कार्यालय र जिल्ला समन्वय समितिको कार्यालय, इलामबाट खरिद गर्न सकिने छ । माथि उल्लेखित कार्यालयहरुबाट खरिद नभएको र यस नगरकार्यपालिकाको कार्यालयमा पेश नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

२. बोलपत्र कागजात खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले नियमानुसारको दस्तुर बुझाएको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ आ.व. ०७६।७७ सम्म नविकरण भएको उद्योग दर्ता प्रमाण पत्र, ठेक्का (इजाजत) प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. ०७५/७६ सम्मको कर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएका बोलपत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले ३१ (औं) दिनको १२:०० वजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र फिर्ता तथा संसोधन गर्न चाहने बोलपत्रदाताहरुले बोलपत्र दर्ता गरीने अन्तिम समय भन्दा २४ घण्टा अगावै शिलबन्दी पत्र सहित दर्ता गराउनु पर्नेछ ।

५. बोलपत्र खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

६. बोलपत्रको खामवाहिर ठेक्कानम्बर, दाखिला गरिने कार्यालयको नाम, ठेगाना, कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना, फोन नं. (लेण्डलाइन/मोवाइल) र ई-मेल स्पष्ट लेखिएको हुनु पर्नेछ ।

७. बोलपत्र साथ रष्ट्रिय बाणिज्य बैंक फिक्कलस्थित धरौटी खाता नं. २१००३०३००७१०२ मा निर्माण सेवाको नामवाट तपसीलमा उल्लेखित जमानत वापतको रकम जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० (एक सय बीस दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त 'क श्रेणीको बाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममाजारी गरिएको जमानीपत्र (Bid Bond) पेश गर्नु पर्ने छ । सो जमानत पत्र/भौचरमा सम्वन्धित ठेक्कापट्टा नं. र कामको विवरण उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ । बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ ।

८ बोलपत्रदाताले कुनै सार्वजनिक निकायसँग सम्झौता गरी कुनै कार्य प्रारम्भ गरेको भए त्यस्तो निकाय, कामको बिवरण, सम्झौताको रकम र कार्य प्रगती विवरण पेश गर्नुपर्ने छ ।

९. बिधुतीय माध्यम (E-bid) बाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताको लागि ठेक्कासँग सम्वन्धित कागजात खरिद गर्न यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, फिक्कलको संचितकोष खाता नं. २१००३०४०१८१०२ मा यस कार्यालयबाट उल्लेख गरिएको रकम जम्मा गरी www.boplatra.gov.np/egp बाट डाउनलोड गर्न सकिनेछ । साथै धरौटी बापत जम्मा गरिने सम्पूर्ण रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक फिक्कल शाखामा रहेको धरौटी खाता नं. २१००३०३००७१०२ मा जम्मा गरी आधिकारिक सहीछापका साथ सम्पूर्ण अन्यकागजातहरु सँग स्क्यान गरी वा pdf बनाई विधुतीय माध्यमबाट पेश गर्न सकिनेछ । बोलपत्रदाताहरुले सम्पूर्ण कागजातको hard copy ठेक्का खोलिएको दिनको ७ दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्नेछ । सो नभएमा मुल्यांकन कार्यबाट हटाई धरौटी रकम जफत गरिनेछ ।

१०. बोलपत्रदाताले स्पष्ट रुपमा अंक तथा अक्षर दुवैमा दररेट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

११. एउटा फर्मको नामवाट खरिद गरिएको बोलपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१२. बोलपत्रदाताले बोलपत्र पेश गर्दा मुल्यअभिवृद्धि कर वाहेकको रकम उल्लेख गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

१३. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्रदाता स्वयः आफैले बुझाउनु पर्नेछ ।

१४. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ । सो सम्वन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

१५. सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्रउपर कुनै कारवाही गरिने छैन ।

१६. वोलपत्रको परीक्षण र मूल्यांकन, वोलपत्रको सूचनाको शर्तहरु, Bid Documents, स्पेशिफिकेसन तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१७. वोलपत्रदाताहरुले आफ्नो वोलपत्र दाखिला गर्नु अगावै वोलपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ ।

१८. वोलपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१९. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सूर्योदय नगरपालिकाको खरिद नियमावली, २०७५ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

२०. वोलपत्र शर्त रहित, केरमेट नभएको मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

२१. ठेक्का नं. ५ (SOMO/ILAM/NCB/Works 05-076/077) को हकमा फिक्कल मा.वि. फिक्कल, यस कार्यालय र स्वीकृत वोलपत्रदाताबीच त्रिपक्षीय संभौता गरिनेछ । निर्माण कार्यको प्रगतिका आधारमा यस कार्यालयबाट भएको नापजाँचका आधारमा भुक्तानीकालागि विद्यालयलाई सिफारिस हुने र विद्यालयबाट निर्माण व्यवसायीलाई विलको रकम भुक्तानी हुनेछ ।

२२. वोलपत्र सम्वन्धि थप जानकारीकालागि कार्यालय समयमा यस कार्यालयको योजना तथा प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ ।

**शिलवन्दी बोलपत्र सम्वन्धि निर्माण कार्यको विवरण**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल. ई. रकम रु. | जमानत रकम रु. | वोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | SOMO/ILAM/NCB /Works 01-076/077 | बतासे भञ्ज्याङ- हेल्थपोष्ट- जिमिखाँद - भूतेनी- इनपा १० सडक स्तरोन्ती | ८७,०२,३१२।३३ | २,६०,०००/- | ३,०००/- |
| २ | SOMO/ILAM/NCB /Works 02-076/077 | पोखरी- डाक्टरगाउँ- कोलबोटे- पिपलडाँडा- रोङ सडक स्तरोन्ती | ९३,१८,२४१।४६ | २,६०,०००/- | ३,०००/- |
| ३ | SOMO/ILAM/NCB /Works 03-076/077 | मानेभञ्ज्याङ चोक- देउराली- बागविरे - महादेवस्थान- मंगलबारे सडक स्तरोन्ती | ८७,०१,३७०।४६ | २,६०,०००/- | ३,०००/- |
| ४ | SOMO/ILAM/NCB /Works 04-076/077 | सूनपा कार्यालय परिसरको प्रवेशद्वार, पार्कीङ, आकाशेपानी संकलन लगायतको निर्माण कार्य | ४३,७३,८००।६३ | १,२५,०००/- | ३,०००/- |
| ५ | SOMO/ILAM/NCB /Works 05-076/077 | फिक्कल मा वि को भवन निर्माण | १८४,०९,१३४।११ | ५५०,०००/- | ३,०००/- |